कृषि तथा वन विज्ञान विश्वविद्यालय
चितवन, नेपाल

मिति २०७०।०९।१२

प.नि.का.च.नं.

## परीक्षाको आवेदन फारम भर्ने सूचना

यस विश्वविद्यालय अन्तर्गत शैक्षिक सत्र २०६९/०७० को कृषि, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान र वन विज्ञान संकायका स्नातक तह B.Sc.Ag., B.V.Sc. & A.H. र B.Sc. Forestry शैक्षिक कार्यक्रमहरुको द्वितीय सत्रको नियमित परीक्षा (Regular Examination) २०७० फाल्गुन १ गते देखि संचालन हुने भएकोले सो परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले २०७० पौष १४ गते देखि २८ गते सम्म र तत्पश्चात विलम्ब शुल्कमा २०७० माघ ७ गते सम्म परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । र साथै परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु:

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने फासपोर्ट साइजको श्यामश्वेत (Black & White) फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।
२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु.८५०।- र परीक्षा आवेदन फारम शुल्क रु.१००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न बमोजिम विलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| पौष २९ गते देखि माघ २ गते सम्म | रु.३००।- |
| माघ ३ गते देखि ५ गते सम्म | रु.५००।- |
| माघ ६ गते देखि ७ गते सम्म | रु.१,१००।- |

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्वन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
४. प्रवेश पत्र (Admit Card) परीक्षा शुरु हुन ३ (तीन) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।
५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा सम्पर्क राख्नु होला ।
६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website:** www.afu.edu.np बाट पनि हेर्न सकिनेछ ।

प्रा.डा. जगत लाल यादव
परीक्षा नियन्त्रक